**२०७७ साल असार ३० गते मंगलबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको सत्चालीसौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. (क) "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७" लाई स्वीकृत गर्ने । साथै, जोखिम भत्ताको लागि आवश्यक पर्ने रकम चालु तर्फका खर्च हुन नसकेका खर्च शीर्षकहरुबाट खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(ख) यस कार्यायलबाट पूर्वाधार निर्माणको क्षेत्रमा लागत अनुमान तयार गर्न, मूल्यांकन गर्न खटाएका प्राविधिक लगायत तपशिलका कर्मचारीलाई चैत्र, बैशाख र जेठ महिनाको लागि शुरु तलव स्केलको २५ प्रतिशत जोखिम भत्ता कर्मचारी प्रोत्साहन शीर्षकबाट उपलब्ध गराउने ।

| | | | |
|---|---|---|---|
| १. | अ.छै. चुननारायण श्रेष्ठ (योजना) | २. | ई. शर्मिला पौडेल |
| ३. | ई. रुपक सुवेदी | ४. | ले.पा. सत्यन्द्र आचार्य |
| ५. | स.ई. वलराम घिमिरे | ६. | स.ई. विनोद पराजुली |
| ७. | अ.स.ई. पान बहादुर तितुङ्ग | ८. | अ.स.ई. झम्क अर्याल |
| ९. | शिक्षा सहायक नारायण सिंह लामा | १०. | का.स. रेम्वो प्रजा |
| ११. | का.स. देउमाया प्रजा | | |

२. गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको "आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

३. स्थानीय क्रसर उद्योगहरुमा डम्पिङ्ग रहेको तर श्रोत खुल्न नसकेको नदीजन्य कच्चा पदार्थ पाइएमा संकलन तथा विक्री र निकासी शुल्क आगामी आ.व.को लागि प्रदेश सरकारले निर्धारण गरेकै दरमा नाकाबाट लिने गरी हाललाई जरिवाना वापत प्रति घनमिटर रु. ६०। का दरले असूल गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. विविध अन्तर्गत :

(क) मिति २०७६।०१।२६ गतेको बसेको गाउँ कार्यपालिकाको त्रिचालीसौं बैठकले संघीय सरकारको सर्शत अनुदानमा प्राप्त नवीकरणीय उर्जा प्रविधिहरु शीर्षकबाट ५/५ लाख रुपैयाँको सोलार वडा नं. १ र ६ मा जडान गर्ने निर्णय गरेको तर, उक्त क्षमता वडा कार्यालयहरुको लागि बढी हुने देखिएको हुँदा वडा नं. २ मा र कार्यालयको सौर्य उर्जा प्रणालीलाई कार्यालयभन्दा बाहिरपट्टी सार्न बाँकी रकम खर्च गर्ने ।

(ख) शान्ति भोलेन्टियर एसोशिएसन तथ सम्मुन्नत नेपाल र गाउँपालिकाको सहकार्यमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्न देहाय वमोजिमको स्थानीय विषयको पाठ्यक्रम निर्माण तथा विकास समिति गठन गर्ने ।

| | |
|---|---|
| श्री रामकुमार वाल्पा थिङ्ग, सामाजिक विकास समितिको संयोजक | संयोजक |
| श्री युवराज आचार्य, प्र.प्र.अ. | सदस्य |
| श्री तारानाथ दुवाडी, प्र.अ. | सदस्य |
| श्री सुष्मा भुजेल, प्र. अ., महिला | सदस्य |
| श्री मिथुन रुम्वा, प्रतिनिधि, शिक्षक महासंघ | सदस्य |
| श्री गणेश लामा, प्रतिनिधि, जनजाती महासंघ | सदस्य |
| श्री युवराज लौडारी, सम्मुन्नत नेपाल | सदस्य |
| श्री प्रदिप पराजुली, शिक्षा अधिकृत | सदस्य सचिव |

(ग) सडक मर्मत शीर्षकको रकमलाई गाउँपालिकाले सिलवन्दी सूचना आब्हान गरी ठूला मेशिन घटाघटमा सूचीकृत गर्ने र न्यूनतम दरमा सूचीकृत भएको दरलाई अधिकतम् दर मानी निर्माण कार्य गर्ने ।



राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ, मकवानपुर बागमती प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

(घ) विपद्को समयमा कार्य गर्न प्रत्येक वडाबाट ५/५ जना स्वंसेवक छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयमा तालिमको लागि पठाउने । स्वंसेवकहरुलाई रेनकोट, टर्च लाइट, डोरी, पानी जुत्ता, हेलमेट १/१ थान गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराउने र प्रत्येक वडालाई १/१ थान स्ट्रेचर उपलब्ध गराउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

२०७८/०३/२१

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत